## चिङ्गाड गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०  संख्या : १  अवलचिङ्ग, सुर्खेत  मिति :२०८३।०३।०८

भाग-१

चिङ्गाड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अवलचिङ्ग, सुर्खेत

सूचना

चिङ्गाड गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## चिङ्गाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

सम्बत् २०८३ सालको ऐन नं. १

गाउँ सभाबाट स्वीकृत मितिः २०८३।०३।०५

प्रमाणीकरण मितिः २०८३।०३।०८

प्रस्तावनाः चिङ्गाड गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम चिङ्गाड गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “चिङ्गाड गाउँपालिकाको आर्थिक ऐन, २०८३” रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि चिङ्गाड गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

२. सम्पत्ति करः (१) गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाईनेछ।

(३) उपदफा (१) को प्रयोजनको लागि घर र घरजग्गाको मूल्याङ्कन देहायका आधारमा गर्नुपर्नेछ।

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलन चल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था,

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैन।

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्त्वमा रहेको घर र जग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, वोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ संस्थाको, कम्पनी घर र घरजग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्वा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

३. भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र अनुसूची-२ बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

(२) एकीकृत सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाईने छैन।

४. घर जग्गा वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा अथवा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिइएकोमा अनुसूची-३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुंजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

तर प्रचलित कानूनले निषेध गरिएको हकमा भने उल्लेखित व्यवस्था लागु हुनेछैन।

७. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-६ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।

८. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले निर्माण, रेखदेख वा संचालन गरेका हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत अनुसूची-७ मा उल्लेखित बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

९. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची-८ मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

तर तोकिएको समयमा स्थानीय पूर्वाधारको काम सम्पन्न नगर्ने व्यक्ति, उपभोक्ता समिति र निर्माण व्यवसायीबाट अनुसूची-९ बमोजिम दण्ड जरिवाना लगाईने र असुल उपर गरिनेछ।

१०. पर्यटन प्रवेश शुल्क: गाउँपालिका क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहालय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरूबाट अनुसुची-१० मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. दण्ड जरिवानाः यस ऐनको विभिन्न अनुसूचीमा तोकिएको दरमा तोकिएको समयावधिमा कर, सेवा शुल्क, दस्तुर नतिर्ने करदाता (व्यक्ति, व्यवसायी, कम्पनी, संघ संस्था आदि) लाई प्रति वर्ष दश प्रतिशतको दरले दण्ड जरिवाना थप गरी असुल उपर गरिनेछ।

१२. कर, शुल्क वा दस्तुर लगाउन नपाउने: गाउँपालिकाले प्रचलित कानून बमोजिम कूटनीतिक नियोग वा कूटनीतिज्ञलाई कर नलाग्ने विषयमा कर लगाउने छैन।

१३. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१४. नियम, कार्यविधी र मापदण्ड बनाउन सक्नेः यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम, कार्यविधी र मापदण्ड बनाउन सक्नेछ।

१५. यसै बमोजिम भएको मानिनेः यो ऐन जारी हुनुभन्दा अघि भएका कर, सेवा शुल्क, दस्तुर तथा अन्य व्यवस्थाहरू यसै ऐन बमोजिम भएको मानिनेछ।

## अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

| सि.नं. | एकीकृत सम्पत्ति करको दर रु | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १. | १ लाख सम्म | ५० | |
| २. | १ लाख १ देखि २ लाख सम्म | १०० | |
| ३. | २ लाख १ देखि ३ लाख सम्म | १५० | |
| ४. | ३ लाख १ देखि ४ लाख सम्म | २०० | |
| ५. | ४ लाख १ देखि ५ लाखसम्म | २५० | |
| ६. | ५ लाख १ देखि ७ लाख सम्म | ३०० | |
| ७. | ७ लाख १ देखि ८ लाख ५० हजार सम्म | ३५० | |
| ८. | ८ लाख ५० हजार १ देखि १० लाख सम्म | ४०० | |
| ९. | १० लाख १ देखि १२ लाख ५० हजार सम्म | ५०० | |
| १०. | १२ लाख ५० हजार १ देखि १५ लाख सम्म | ५५० | |
| ११. | १५ लाख १ देखि १७ लाख ५० हजार सम्म | ६५० | |
| १२. | १७ लाख ५० हजार १ देखि २० लाख सम्म | ७०० | |
| १३. | २० लाख १ देखि २२ लाख ५० हजार सम्म | १२०० | |
| १४. | २२ लाख ५० हजार १ देखि २५ लाख सम्म | १३०० | |
| १५. | २५ लाख १ देखि २७ लाख ५० हजार सम्म | १४५० | |
| १६. | २७ लाख ५० हजार १ देखि ३० लाख सम्म | १६०० | |
| १७. | ३० लाख १ देखि ३२ लाख ५० हजार सम्म | १७५० | |
| १८. | ३२ लाख ५० हजार १ देखि ३५ लाख सम्म | १८५० | |
| १९. | ३५ लाख १ देखि ३७ लाख ५० हजार सम्म | १९०० | |
| २०. | ३७ लाख ५० हजार १ देखि ४० लाख सम्म | २००० | |

| | | | |
|---|---|---|---|
| २१. | ४० लाख १ देखि ४२ लाख ५० हजार सम्म | २२५० | |
| २२. | ४२ लाख ५० हजार १ देखि ४५ लाख सम्म | २३५० | |
| २३. | ४५ लाख १ देखि ४७ लाख ५० हजार सम्म | २४०० | |
| २४. | ४७ लाख ५० हजार १ देखि ५० लाख सम्म | २५५० | |
| २५. | ५० लाख १ देखि ५५ लाख सम्म | २७०० | |
| २६. | ५५ लाख १ देखि ६० सम्म | ३००० | |
| २७. | ६० देखि १ लाख ६५ सम्म | ३२५० | |
| २८. | ६५ लाख १ देखि ७० लाख सम्म | ३५०० | |
| २९. | ७० लाख १ देखि ७५ लाख सम्म | ३७५० | |
| ३०. | ७५ लाख १ देखि ८० लाख सम्म | ४००० | |
| ३१. | ८० लाख १ देखि ८५ लाख सम्म | ४२५० | |
| ३२. | ८५ लाख १ देखि ९० लाख सम्म | ४५०० | |
| ३३. | ९० लाख १ देखि ९५ लाख सम्म | ४७५० | |
| ३४. | ९५ लाख १ देखि १ करोड सम्म | ५००० | |

सम्पत्ति कर

| सि.न. | विवरण | विस्तृत विवरण | करको दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | पक्की घर | RCC ढलान घर | २० | |
| २ | पक्की घर | माटो र ढुंगाले बनेको तर प्लाष्टर गरिएको | १५ | |
| ३ | कच्ची घर | माटो र ढुंगाले बनेको जस्ता पाताको छाना भएको | ८ | |
| ४ | कच्ची घर | माटो र ढुंगाले बनेको जस्ता छाना नभएको | ५ | |

एकीकृत सम्पत्ति कर लागू भएमा सोही बमोजिम हुने ।

अनुसूची-२
(दफा ३ सँग सम्बन्धित)
भूमि, घर जग्गा कर (वार्षिक)

| सि.न. | विवरण | विस्तृत विवरण | करको दर रु. (प्रति रोपनी) | कैफियत |
|---|---|---|---|---|
| १ | मालपोत कर | अव्वल | ३५ | |
| | | दोयम | ३० | |
| | | सीम | २५ | |
| | | चाहर | २० | |

चिङ्गाड गाउँपालिका

<u>अनुसूची-३</u>
(दफा ४ सँग सम्बन्धित)
घर जग्गा वहाल कर

| सि.न. | विवरण | विस्तृत विवरण | करको दर रु. | कैंफियत |
|---|---|---|---|---|
| १ | वहाल कर | कोठा वा घर भाडा | १०% | |
| क. | 'क' श्रेणीका मुख्य बजार क्षेत्रमा मटेला ठाँटिबजार, गाउँपालिका कार्यालय र वडा कार्यालय वरिपरिका क्षेत्र । | आवास | १००० | |
| | | पसल/व्यवसाय | १५०० | |
| | | घुम्ती | ७०० | |
| ख. | 'ख' श्रेणीका अन्य मुख्य क्षेत्र | आवास | ५०० | |
| | | पसल/व्यवसाय | १००० | |
| | | घुम्ती | ५०० | |

<u>अनुसूची-४</u>
(दफा ५ सँग सम्बन्धित)
व्यवसाय कर (वार्षिक)

| सि.न. | विवरण | विस्तृत विवरण | करको दर रु. | नबीकरण दर | कैंफियत |
|---|---|---|---|---|---|
| १. | गल्ला किराना पसल | थोक | १५०० | ७५० | |
| | | खुद्रा | १००० | ५०० | |
| | | कम पूँजी भएका किराना (१ लाख भन्दा कम) | ५०० | २५० | |
| २. | कपडा/फेन्सी/जुत्ता चप्पल/व्याग, कस्टमेटिक पसल | थोक | १५०० | ७५० | |
| | | खुद्रा | १००० | ५०० | |
| ३ | पार्लर तथा शैलुन व्यवसाय | पार्लर तथा कपाल काटने व्यवसाय | ५०० | २५० | |
| ४ | होटेल व्यवसाय | लजिङ फुडिङ सेवाको होटेल । | १५०० | ७५० | |
| | | मदिरा भएको रेष्टुरेण्ट तथा खाजा घर तथा होटल | ४००० | २००० | |
| | | खाना, होटेल | १००० | ५०० | |
| | | चिया, नास्ता पसल | ५०० | २०० | |
| ५ | उद्योग | ठूला | २५०० | ५०० | |
| | | मझौला | २००० | १०० | |
| | | साना | १००० | ५०० | |
| ६ | ढुंगा तथा गिट्टी, बालुवा, बिक्री (प्रति टिप) | टेक्टर | ३०० | | |
| | | टिप्पर | १००० | | |
| ७ | कटाई सिलाई | टेलरिङ सुविधा | १००० | ५०० | |
| | | साधारण सिलाई कटाई | ५०० | २५० | |
| ८ | मदिरा पसल | वितरक | ११००० | ५५०० | |
| | | थोक बिक्रेता | ५००० | २५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खुद्रा विक्रेता | १५०० | ७५० | |
| ९ | औषधी, एग्रोभेट, आर्युवेदिक पसल | बढी पूँजी ५ लाख भन्दा बढी | ३००० | १५०० | |
| | | कम पूँजी ५ लाख भन्दा कम | १५०० | ७५० | |
| १० | इलेक्ट्रोनिक पसल | बढी पूँजी ५ लाख भन्दा बढी | ३००० | १५०० | |
| | | कम पूँजी ५ लाख भन्दा कम | १५०० | ७५० | |
| ११ | इलोक्ट्रोनिक व्यवसाय (हाउस वाइरिङ समेत) | बढी पुँजी ५ लाख भन्दा बढी | ३००० | १५०० | |
| | | कम पूँजी ५ लाख भन्दा कम | २००० | १००० | |
| १२ | स्वास्थ्य सेवा | निजी क्लिनिक | ३००० | १५०० | |
| | | पोलिक्लिनिक | १०००० | ५००० | |
| | | सामुदायिक अस्पताल | १५००० | ७५०० | |
| १३ | पेट्रोलियम पदार्थ | ग्याँस सिलिण्डर सव डिलर | १५०० | ७५० | |
| १४ | हार्डवेयर, मेशिनरी, स्यानिटरी, मार्वल, स्टिल, अल्मुनियम | थोक | ३००० | १५०० | |
| | | खुद्रा | २००० | १००० | |
| १५ | भाँडा पसल | थोक | २००० | १००० | |
| | | खुद्रा | १५०० | ७५० | |
| १६ | स्टेशनरी तथा पुस्तक पसल | थोक | १००० | ५०० | |
| | | खुद्रा | ५०० | २५० | |
| १७ | फलफूल तथा तरकारी पसल | थोक | ५०० | २५० | |
| | | खुद्रा | २०० | १०० | |
| १८ | पानी घट्ट | ६ महिना भन्दा बढी चल्ने | १०० | ५० | |
| | | ६ महिना भन्दा कम चल्ने | ५० | २५ | |
| १९ | वित्तीय क्षेत्र | वित्तीय संस्था, बैंक | ५००० | २००० | |
| | | सहकारी संस्था। | २००० | १००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मनि ट्रान्सफर, लघु वित्त | २००० | १००० | |
| २० | शैक्षिक संस्था दर्ता | निजी शैक्षिक संस्था दर्ता प्रा.वि. | १०,००० | ५००० | |
| | | निजी शैक्षिक संस्था दर्ता आ.वि. | २०,०००। | १०००० | |
| २१. | शैक्षिक संस्था (निजी) कक्षा थप | प्रति कक्षा संख्या | २,००० | | |
| | शैक्षिक संस्था (सामुदायिक) कक्षा थप | प्रति कक्षा संख्या | १,००० | | |
| २२. | मिल | कुटानी पिसानी | ५०० | २५० | |
| | | कुटानी, पिसानी, पेलानी | १००० | ५०० | |
| २३. | सुनचाँदी पसल | गरगहना निर्माण तथा खरीद विक्री | ५००० | २५०० | |
| २४. | मर्मत पसल | मोटरपार्टस विक्रि मर्मत | २००० | १००० | |
| २५. | पेन्टर पसल | साइनवोर्ड लेख्ने तथा पेन्टिङको काम गर्ने । | ५०० | २५० | |
| २६. | निर्माण व्यवसाय | (घ) वर्गको निर्माण व्यवसाय दर्ता शुल्क । | १०००० | | |
| | | निर्माण व्यवसाय नवीकरण सूचीकृत । | ५००० | | |
| २७. | नर्सरी | नर्सरी दर्ता | ५०० | | |
| | | नवीकरण | २०० | | |
| २८. | झोला कुम्लाको व्यापार | पटके शुल्क प्रति कुम्ला (रसिद अनिवार्य गाउँपालिका भर १५ दिनसम्म लागू हुने) | १००० | | |
| २९. | गाउँपालिकाभित्र अन्य ठाउँबाट विक्री गर्ने वा व्यवसायिक प्रयोजनका लागि ल्याइने ब्रोइलर कुखुरा । | प्रति कुखुरा | ५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | टेन्ट हाउस | उच्च स्तर | १००० | ५०० | |
| | | न्यून स्तर | ८०० | ४०० | |
| ३१ | कानुन अधिवक्ता | | १००० | | |
| ३२ | बीमा एजेन्ट | | १००० | | |
| ३३ | लेखापढी व्यवसाय | | १००० | | |
| ३४ | लेखापरीक्षण | (ग) वर्ग | १००० | | |
| | | (घ) वर्ग | ८०० | | |
| ३५ | ढुवानी फर्म | सामान्य | ५०० | | |
| | | कम्पनी | ८०० | | |
| ३६ | नापी व्यवसाय | | २००० | १००० | |
| ३७ | अन्य नतोकिएको व्यवसाय | यस ऐनमा नतोकिएको बाहेक | १००० | ५०० | |
| ३८ | टोल बिकास संस्था दर्ता तथा बाल क्लब दर्ता | | ५०० | २५० | |
| ३९ | व्यवसाय/फर्म सूचिकृत | | | | |
| | गाउँपालिका भित्र दर्ता भएका | | निशुल्क | निशुल्क | |
| | गाउँपालिका बाहिर दर्ता भएका | | रु ७०० | रु ७०० | |

## अनुसूची-५

(दफा ६ सँग सम्बन्धित)

जडिवुटि कर, कवाडी र जीवजन्तु कर

| सि.न. | विवरण | विस्तृत विवरण | करको दर रु. | पुष्टयाई | कैंफियत |
|---|---|---|---|---|---|
| १ | जडिबुटी | टिमुर, पखान वेद, काउलो, चुत्रो लगायत सबै प्रकारका जडिबुटीको प्रति क्विन्टल | रु.१० | | |
| २ | काठ | प्रति क्यू फिट (गाउँपालिका भित्र) | रु.१० | | |
| | | प्रति क्यू फिट (गाउँपालिका बाहिर निकासी गर्दा) | रु.२० | | |
| ३ | कवाडी माल | सिसा, कागज, वोतल, प्लास्टिक प्रति किलो । | ०।५ प्रतिशत | | |
| ४ | खोटो | प्रति लिटर, प्रति किलो । | रु.५ | | |
| ५ | जीवजन्तु कर | खसी, बाखा सानो र प्रति गोटा (३० केजी भन्दा माथि) | रु.२० रु.५० | | |
| | | राँगा, भैसी प्रति गोटा | रु.२०० | | |
| | | कानुनले निषेध गरिएका बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड,सिङ,छाला,प्वांख कूल मूल्यको | २ प्रतिशत | | |
| ६ | सेलेट | प्रति वर्ग फिट | रु २.५ | | |
| ७ | दाउरा | प्रति ट्याक्टर | १०० | | |
| ८. | अलैची मसलाजन्य | प्रति कि.ग्रा. | २ | | |

| सि.न. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | जडीबुटी, कवाडी र जीवजन्तु कर साना व्यवसाय ( वार्षिक तीन लाख सम्म कारोवार भएको) | ५०० | |
| २ | जडीबुटी, कवाडी र जीवजन्तु कर ठुलो व्यवसाय ( वार्षिक तीन लाख भन्दा बढी कारोबार भएको) | २००० | |

## अनुसूची-६

(दफा ७ सँग सम्बन्धित)

### विज्ञापन कर

(सार्वजनिक स्थलमा विज्ञापन वा साइन बोर्ड राखे बापत) (वार्षिक)

| सि.न. | विवरण | विस्तृत विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | होडिङ बोर्ड | प्रति वर्ग फिट | ५० | |
| २ | रंगिन विज्ञापन | प्रति वर्ग फिट | २५ | |
| | अन्य पोष्टर पम्पलेट | प्रति वर्ग फिट | १० | |

चिङ्गाड गाउँपालिका

## अनुसूची-७

(दफा ८ सँग सम्बन्धित)

बहाल विटौरी शुल्क

| सि.न. | विवरण | विस्तृत विवरण | करको दर रु. | कैंफियत |
|---|---|---|---|---|
| १. | मेला महोत्सव | प्रति दिन | ५०० | |
| २. | टहरा बनाई सार्वजनिक जग्गा वहाल (मुख्य बजार क्षेत्र) | वार्षिक प्रति वर्ग मि. | १० | |
| ३ | टहरा नबनाई सार्वजनिक जग्गा वहाल (मुख्य बजार क्षेत्र बाहेक) | वार्षिक प्रति वर्ग मि. | ५ | |
| ४ | सार्वजनिक स्थलमा ढुंगा, गिट्टी, बालुवा थुपारे बापत | प्रति दिन | २ | |

चिङ्गाड गाउँपालिका

अनुसूची-८

(दफा ९ सँग सम्बन्धित)

सेवा शुल्क दस्तुर

| सि.न. | विवरण | विस्तृत विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सिफारिस तथा प्रमाणित शुल्क दस्तुर | नाता प्रमाणित | २५० | |
| | | नाता प्रमाणित अंग्रेजी | ३५० | |
| | | जन्म मिति प्रमाणित | २५० | |
| | | विवाहित सिफारिस | २५० | |
| | | अविवाहित सिफारिस | २५० | |
| | | घर सिफारिस | २५० | |
| | | व्यक्तिगत र पारिवारिक विवरण | २५० | |
| | | जीवितसंगको नाता प्रमाणित | २५० | |
| | | मृतकसंगको नाता प्रमाणित | २५० | |
| | | हकवाला वा हकदार | २५० | |
| | | कागज वा मन्जुरीनामा | २५० | |
| | | जग्गा मूल्यांकन सिफारिस प्रमाणित | २५० | |
| | | आर्थिक अवस्था कमजोर, विपन्नता | २५० | |
| | | संरक्षक प्रमाणित | २५० | |
| | | जग्गाको चार किल्ला | ५०० | |
| | | नाम,थर,जन्म मिति एकै हो भन्ने प्रमाणित | २५० | |
| | | आर्थिक अवस्था बलियो वा सम्पन्नता | २५० | |
| | | अंग्रेजी माध्यममा सिफारिस वा प्रमाणित | ३५० | |
| | | अपांग सिफारिस | ० | |
| | | नावालक परिचय पत्र | ५० | |
| | | व्यक्तिगत संरक्षक | ५० | |
| | | संस्थागत संरक्षक | १५० | |
| | | नागरिकता सिफारिस | १५० | |
| | | नागरिकता प्रतिलिपि | २०० | |
| | | छात्रवृत्ति | ३०० | |

| | | | | |
|---|---|---|---|---|
| | | मोही लगत कट्टा | ३०० | |
| | | व्यापार व्यवसाय वन्द भएको वा नभएको | ३०० | |
| | | मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस | ३०० | |
| | | निःशुल्क स्वास्थ्य उपचार | ० | |
| | | पूर्जामा पक्की घर कायम गर्न सिफारिस | ५०० | |
| | | पूर्जामा कच्ची घर कायम गर्न सिफारिस | ३५० | |
| | | अस्थायी, स्थायी बसोबास सिफारिस | २०० | |
| | | जग्गा दर्ता सिफारिस | ३०० | |
| | | जग्गा धनी पूर्जा हराएको | ३०० | |
| | | कित्ताकाट गर्न | ३०० | |
| | | नामसारी गर्न | ३०० | |
| | | राजिनामा | ५०० | |
| | | बकसपत्र | ५०० | |
| | | सर्जिमिन मुचुल्का | ३५० | |
| | | जग्गाको हक भोग | ३०० | |
| | | अंशबण्डा | ५०० | |
| | | घर बाटो सिफारिस | ३०० | |
| | | उद्योग ठाउँ सारी गर्न | ३०० | |
| | | विद्यालय खोल्न सिफारिस | ५०० | |
| | | विद्यालय कक्षा कोठा थप्न (प्रति कक्षा) | ५०० | |
| | | विद्यालय ठाउँ सारी गर्न | ५०० | |
| | | धारा जडानको लागि सिफारिस | २५० | |
| | | विद्युत जडानको लागि | २५० | |
| | | संस्था दर्ता सिफारिस | ५०० | |
| | | कक्षा ८ को मार्कसिट प्रतिलिपि | ५०० | |
| | | शिक्षक सरुवा सहमती/अनुमती (मा.वि.) | १५०० | |
| | | शिक्षक सरुवा सहमती/अनुमती (आ.वि.) | १००० | |

| | | | | |
|---|---|---|---|---|
| | | उद्योग दर्ता सिफारिस ठूला उद्योग | ८०० | |
| | | उद्योग दर्ता सिफारिस मझौला उद्योग | ५०० | |
| | | उद्योग दर्ता सिफारिस साना उद्योग | ३०० | |
| | | उद्योग दर्ता सिफारिस लघु उद्योग | २५० | |
| २ | सेवा शुल्क | स्वास्थ सेवा निःशुल्क | ० | |
| | पशु सेवा | पशु सेवा (साना पशु) | रु.५ | |
| | | प्रति कुकुर | रु २५ | |
| | | पशु सेवा (ठुला सेवा) | रु १० | |
| | | रेविज प्रति खोप | रु ५० | |
| | | कृत्रिम गर्भाधान | रु २५ | |
| | | बन्ध्याकरण सेवा | रु २० | |
| | कृषि सेवा | कृषि सेवा शुल्क | रु.१० | |
| | | कृषि र पशु समूह दर्ता शुल्क | ५०० | |
| | | समूह नवीकरण शुल्क | ३०० | |
| ३ | व्यक्तिगत घटना दर्ता जरिवाना शुल्क (३५ दिनभित्र निःशुल्क) | जन्म दर्ता | २०० | |
| | | मृत्यु दर्ता | २०० | |
| | | विवाह दर्ता | २०० | |
| | | बसाइसरी आउने | २०० | |
| | | बसाइसरी जाने | २०० | |
| | | सम्वन्ध विच्छेद | २०० | |
| ४ | भाडा | गा.पा. हल (सरकारी कार्यालयको लागि) | १५०० | |
| | | गा.पा. हल (गैरसरकारी कार्यालयको लागि) | २५०० | |
| | | वडा हल | १००० | |
| ५ | आयश्रोत र घरजग्गा मूल्यांकन प्रमाणित सिफारिस | आयश्रोत प्रमाणित सिफारिस (१ लाखसम्म) | ५०० | |
| | | आयश्रोत प्रमाणित सिफारिस (१० लाखसम्म) | १,००० | |
| | | आयश्रोत प्रमाणित सिफारिस (२५ लाखसम्म) | २,००० | |
| | | आयश्रोत प्रमाणित सिफारिस (५० लाखसम्म) | ३,००० | |
| | | आयश्रोत प्रमाणित सिफारिस (१ करोडसम्म) | ४,००० | |
| | | आयश्रोत प्रमाणित सिफारिस (१ करोड भन्दा | ५,००० | |

| | | | | |
|---|---|---|---|---|
| | | माथि) | | |
| ६ | स्थानीय पूर्वाधार सम्झौता दस्तुर | १ लाखसम्म | ३०० | |
| | | १ लाख १ रुपैयाँ देखि ३ लाखसम्म | ५०० | |
| | | ३ लाख १ रुपैयाँ देखि ५ लाखसम्म | ७०० | |
| | | ५ लाख १ रुपैयाँ देखि १० लाखसम्म | १,००० | |
| | | १० लाख १ रुपैयाँ देखि २० लाखसम्म | १२०० | |
| | | २० लाख १ रुपैयाँ देखि ५० लाखसम्म | १५०० | |
| | | ५० लाख १ रुपैयाँ देखि १ करोडसम्म | ३,००० | |
| | | १ करोड १ रुपैयाँ देखि माथि | ६,००० | |
| ७ | फोहोरमैला व्यवस्थापन शुल्क (वार्षिक) | होटल व्यवसाय | ५०० | |
| | | पसल | २०० | |
| | | घरबाट निस्कने फोहोर | १०० | |
| ८ | जग्गा रेखांकन सेवा दस्तुर | प्रति कित्ता रु | २००० | |

| नक्सा पास दस्तुर | | | | |
|---|---|---|---|---|
| सि.नं. | घरको वनावट | मूख्यवजार (मटेला) सडकको दायाँ वाँया नयाँवन्ने घरको प्रतिवर्ग फिट (रु.) | पिच सडकको दायाँवायाँ घरको प्रतिवर्ग फिट | अन्य सडक वा ठाँऊमा वन्ने घरको प्रतिवर्ग फिट (रु.) |
| १ | १.आर.सि.सि.ढलान | | | |
| | क.भुईतला | २।० | १।७५ | १। |
| | ख.प्रथम तला | २।३ | १।८० | १।६० |
| | ग.दोश्रो तला सो भन्दा माथि | २।४ | २।२ | १।९ |
| २ | २.लोड वियरिङ वनावटको ढलान | | | |
| | क.भुईतला | १।९ | १।७ | १।२ |
| | ख.प्रथम तला | २।२ | १।२ | ।९ |

| | | | | |
|---|---|---|---|---|
| | ग.दोश्रो तला सो भन्दा माथि | २।३ | २।१ | १।७५ |
| | | | | |
| ३ | ३.ईटालाई सिमेन्ट मसला जोडाई गरी वनेको जस्ता पाता छाना भएको । | | | |
| | क.भुईतला | १।२ | ।८५ | ।६० |
| | ख.प्रथमतला | २।१ | १।१ | ।८५ |
| | ग.दोश्रो तला सो भन्दामाथि | २।२ | १।६५ | १।२ |
| ४ | नक्सापास निवेदन फाराम रु.५००। | **रु.५००** | | |
| | नक्सापास गर्दा रेखांकन (ले आउट) शुल्क | | | |
| | क.६५ वर्ग मि.सम्म | रु. ७००।०० | | |
| | ख.६६ वर्ग मि.देखी ९० वर्ग मि.सम्म | रु. १०००। | | |
| **५.** | ग.९१ वर्ग मि.देखी ११५ वर्ग सम्म | रु. १२००। | | |
| | पुराना घर अभिलेखिकरण दस्तुर | रु.१५०० | | |

## अनुसूची-९

(दफा ९ सँग सम्बन्धित)

| क.स. | स्थानीय पूर्वाधारको दण्ड जरिवाना शुल्क (लागत अनुमान अनुसार योजनाको समयावधी थप वापत) | कायम दर रु. | कैफियत |
|---|---|---|---|
| १ | १ लाख सम्म | ५०० | |
| २ | १ लाख १ रुपैयाँ देखि ५ लाखसम्म | ८०० | |
| ३ | ५ लाख १ रुपैयाँ देखि १० लाखसम्म | १००० | |
| ४ | १० लाख १ रुपैयाँ देखि २० लाखसम्म | १५०० | |
| ५ | २० लाख १ रुपैयाँ देखि ५० लाखसम्म | २,००० | |
| ६ | ५० लाख १ रुपैयाँ देखि माथि जतिसुकै | ५,००० | |

चिङ्गाड गाउँपालिका

## अनुसूची-१०
(दफा १० सँग सम्बन्धित)

पर्यटन शुल्क

| सि.न. | विवरण | विस्तृत विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | दृश्यावलोकन | स्वदेशी प्रति दिन | १० | |
| | | विदेशी प्रति दिन | १०० | |
| २ | अध्ययन भ्रमण | स्वदेशी प्रति दिन | १० | |
| | | विदेशी प्रति दिन | १०० | |

आज्ञाले
सुरेन्द्र सिंह
प्रमुख प्रशासकीय अधिकृत

चिङ्गाड गाउँपालिका